आज मिति २०७८/१२/०६ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावतज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | टिकाराम ढकाल | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १. | युवराज अधिकारी | लेखा अधिकृत | |
| २. | बालकृष्ण महतारा | ईन्जिनियर | |
| ३. | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ४. | राजेन्द्र टमटा | का.स. | |
| ५. | धन बहादुर कार्की | " | |

मिति २०७८ साल चैत्र ०६ गतेका दिन बसेको नगर कार्यपालिकाको आठौं बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

निर्णय नं. १

यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/१०/२३ गतेका दिन बसेको सातौं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा समिक्षा गरियो कार्यान्वयन गर्न बाँकी अन्य निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत समिति, शाखा र वडा कार्यालयहरुलाई निर्देशन दिने ।

निर्णय नं. २

कार्यपालिकाको अघिल्लो बैठकको निर्णयानुसार नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने निर्णय गरिएकोमा नगरपालिकाको भवन निर्माणको डिजाईन उपयूक्त नभएकोले आज बैठकमा छलफल भएको ड्रईङ्ग , डिजाईन र इस्टीमेटमा सुझाव समेटेर "**प्रशासकीय भवनको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)**" तयार गरि अन्तिम रुप दिई यथाशिघ्र टेण्डर प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं.३

वडा नं.११स्थित लोकनगरमा मुक्त कमैया परिवार तथा उक्त स्थानमा पहिले देखि बसोबास गरिरहेका परिवारको जग्गाको स्वामित्व र हकभोग सम्बन्धी समस्या सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नका लागि मिति २०७८/०९/१८ गतेको कार्यपालिकाको निर्णयानुसार गठित कार्यदलले पेश गरेको प्रतिवेदन ग्रहण गर्ने । साथै उक्त स्थानको दीर्घकालिन रुपमा समस्या समाधानका लागि आवश्यक प्रक्रिया अगाडी बढाउनका लागि सिफारिस सहित कार्यदलको प्रतिवेदन भूमी सुधार तथा मालपोत कार्यालय, बाँके, जिल्ला नापी कार्यालय, बाँके, जिल्ला प्रशासन कार्यालय, बाँके र जिल्ला समन्वय समिति, बाँकेमा पठाउने ।

निर्णय नं.४

(क) नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि जटायु रिसाईकल्स प्रा.लि.कोहलपुर-०९, बाँकेसँग गरेको सम्झौता बमोजिमको कार्यान्वयन गर्न सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानून अनुसार जटिलता पैदा भएको हुँदा नगरपालिकालाई थप आर्थिक भार र क्षति नपर्ने गरी दुबै पक्षको आपसी सहमतिमा उक्त सम्झौतालाई आवश्यक परिमार्जन तथा संशोधन गर्ने ।

(ख) नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा विसर्जन कार्यमा भएको अवरोधको तत्कालिन एवं दीर्घकालिन समस्या समाधानका लागि नगरपालिकाले राखेको सर्वदलिय बैठकको निर्णयानुसार फोहोरमैला व्यवस्थापन तथा विसर्जनको कार्य तत्काल अगाडी बढाउने ।सो स्थल प्रयोग गरेवापत मासिक रु.१ लाखमा नबढ्ने गरी सम्बन्धित संस्थालाई उपलब्ध गराउन सक्ने अधिकार नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई दिने । साथै ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापनका लागि सामुदायिक वनवा अन्य उपर्युक्त स्थानमा रहेको सार्वजनिक जग्गा नगरपालिकाको मातहतमा ल्याउन लुम्बिनी प्रदेश सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा वन तथा वातावरण मन्त्रालय र शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापना : २०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ५

श्री ज्ञानज्योति मा.वि.कोहलपुर-११,बाँकेको विद्यालय भवन निर्माण कार्यका लागि नगर कृषि शाखाको कार्यालय भवन देखि दक्षिण पश्चिममा रहेको खाली जग्गा आवश्यकता अनुसार उपलब्ध गराउने ।

निर्णय नं.६

यस नगरपालिकाको जलश्रोत उपयोग ऐन,२०७७ को दफा (४) बमोजिम कार्यगर्ने गरी जल उपभोक्ता समितिको सदस्य पदमा तपसिल बमोजिमका पदाधिकारीहरु मनोनित गरी पुर्णता दिने।साथै सो समितिले ऐन कार्यविधिमा तोकिएका काम, कर्तब्य र अधिकारका अतिरिक्त साविकको जिल्ला जलश्रोत समितिको अधिकार समेत प्रयोग गर्ने ।

तपसिल :

१.दलित महिला कार्यपालिका सदस्य-श्री गिता सुनार

२.पूर्वाधार विकास समितिका संयोजक- श्री कल्पना अधिकारी

३. वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक-श्री दयाराम लोहार

निर्णय नं. ७

नगरपालिकामा रिक्त रहेको रोजगार संयोजकको पदपूर्तीका लागि १५(पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने । पदपूर्ति समितिको संयोजकमा सेवा निवृत **उपसचिव श्री अम्मरराज खत्री,** विषय विज्ञमा त्रि.मा.वि. कोहलपुरका कम्प्युटर शिक्षक **श्री सेराज अहमद सिद्धिकी** र सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत रहेको ३ (तिन) सदस्यीय पदपूर्ती समिति गठन गरी छनौट प्रक्रिया अगाडी बढाउने।

निर्णय नं. ८

नगरपालिकामा रहेका विभिन्न विषयगत शाखाहरुमा अधिकृत स्तरका कर्मचारी रहने गरी व्यवस्थापन गर्न साविकमा शाखा प्रमुखको रुपमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार व्यवस्थापन गर्ने र स्वास्थ्य तर्फजुनसुकै सेवा/समुहमा कार्यरत रहे पनि सम्बन्धित तहमा जेष्ठता (नियुक्ति मिति) को आधारमा इन्चार्ज एवं शाखा प्रमुख तोक्ने ।

निर्णय नं. ९

नगरपालिका क्षेत्रमा भवन संहिता, २०७२ लागु हुन पूर्व निर्माण भएका तर विविध कारणले घरनक्शाको अभिलेखिकरण गर्न छुट भएका घरहरुको अभिलेखिकरणको कार्य लागि नवौं नगरसभाको निर्णय अनुसार २०७९ असार मसान्त सम्मको लागि अभिलेखिकरणको कार्यको लागि सूचना प्रकाशित गर्ने |

निर्णय नं.१० विविध

(क) नगरपालिकामा अस्थायी, करार र ज्यालादारीमा रहेका कर्मचारीहरुको लागि नवौं नगर सभाबाट विनियोजन भएको तलब भत्ता वापतको बजेट नपुग भएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी तपसिलको शिर्षकहरुबाट रकमान्तरण गरी बजेट व्यवस्था गर्ने ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७२

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तपसिल :-

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च शीर्षक | स्रोत | बिनियोजित बजेट | घटाउने रु. | बढाउने रु. | कायम हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आईशोलेशन तथा क्वारेन्टाईनको स्थापना तथा व्यवस्थापन खर्च | २११२३ | आन्तरिकश्रोत - नगद | ३,०००,०००.० | ३,०००,०००.० | - | - | |
| २ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (दुध र खशीबाखाको सामुहिक बजारीकरणमा) | २२५२२ | आन्तरिकश्रोत - नगद | २,०००,०००.० | २,०००,०००.० | - | - | |
| ३ | बोयर बाखा स्रोत केन्द्र संचालन | २२५२२ | आन्तरिकश्रोत - नगद | ५००,०००.० | ५००,०००.० | - | - | |
| ४ | नगरप्रमुख सामाजिक सुरक्षा कार्यक्रम (ग वर्गका अपाङ्ग र ६५ वर्ष उमेर पुगेका जेष्ठनागरिक सामाजिक सुरक्षा भत्ता) | २७११२ | राजस्वबाँडफाँड - संघीय सरकार - नगद | ५,५००,०००.० | ५,५००,०००.० | - | - | |
| ५ | कोभिड-१९बाट मृत्यु भएका आश्रित परिवारलाई राहत अनुदान | २२७११ | आन्तरिकश्रोत - नगद | ५,५००,०००.० | ५,०००,०००.० | - | ५००,०००.० | |
| ६ | करार सेवा शुल्क | २२४१३ | आन्तरिकश्रोत - नगद | १३,०००,०००.० | - | ११,०००,०००.० | २४,०००,०००.० | |
| | | २२४१३ | राजस्वबाँडफाँड - संघीय सरकार - नगद | ७,०००,०००.० | - | ५,५००,०००.० | १२,५००,०००.० | |
| ७ | मल, विऊ, किटनाशक औषधी, कृषि उपजको प्रशोधन, भण्डारण र ढुवानी गर्न सहकारीलाई विऊ-पूँजी सहयोग | २२५२१ | आन्तरिकश्रोत - नगद | ५००,०००.० | ५००,०००.० | - | - | |
| ८ | सिपविकास तथा आयआर्जन कार्यक्रम | २२५२२ | आन्तरिकश्रोत - नगद | १,०००,०००.० | १,०००,०००.० | - | - | |

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापना : २०७२

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | घरभाडा | २८१४२ | आन्तरिकश्रोत - नगद | ५००,०००.० | - | ९००,०००.० | १,४००,०००.० | |
| १० | कर्मचारी पोशाक खर्च | २११२१ | आन्तरिकश्रोत - नगद | १,०००,०००.० | - | १००,०००.० | १,१००,०००.० | |
| जम्मा | | | | ३९,५००,०००.० | १७,५००,०००.० | १७,५००,०००.० | ३९,५००,०००.० | |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापना : २०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ख) नगर अनुदान अर्न्तगतका शिक्षकहरुको तलब भत्ता आगामी आ.व.देखि सम्बन्धित पद/तहको न्यूनतम तलब स्केल उपलब्ध गराउने ।चालु आ.व. को लागि २०७८ साल चैत्र देखि लागु हुने गरी तलब भत्तामा नपुग बजेट नगर शिक्षा शाखाको विनियोजित वजेटबाट रकमान्तरण गरी बजेट व्यवस्था गर्ने ।

(ग) विभिन्न मितिमा नगरपालिकामा आर्थिक सहायताका लागि प्राप्त भएका निवेदनहरु अनुसार तपसिलका व्यक्ति तथा संघसंस्थाहरुलाई देहाय बमोजिमको आर्थिक सहयोगचालु आ.व.२०७८/०७९ मास्वीकृत भएकोदेहाय बमोजिमको बजेटशिर्षकबाट खर्च लेखी रकम उपलब्ध गराउने ।

तपसिल :-

| क्र. स. | व्यक्ति, सामुदायिक/सामाजिक संघसंस्था, सेवा प्रदायक संस्था तथा सरकारी कार्यालयको नाम वा योजना | ठेगाना | सहयोग रकम | सहयोगको प्रकार | खर्च लेखिने बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | हे.अ. श्री दिल बहादुर घर्ती | कोहलपुर-१० | कोभिड औषधी उपचार खर्च वापत | रु.३०,०००।-(तिस हजार) | अन्य सामाजिक सहायता |
| २ | वडा सदस्य श्री शंकर खड्का | कोहलपुर-०५ | औषधी उपचार खर्च वापत | रु.३०,०००।-(तिस हजार) | अन्य सामाजिक सहायता |
| ३ | गोपाल सिंग थापा | कोहलपुर-०८ | मुक्तिनाथ मन्दिरमा खानेपानी धारा जडान वापत | रु.१७,०००।-(सत्र हजार) | विविध कार्यक्रम खर्च क्र.स.१७४ |
| ४ | दलित गैर सरकारी संस्था महासंघ | काठमाण्डौं | कार्यक्रम खर्च | रु.२५,०००।-(पच्चिस हजार) | सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च क्र.स.८९ |
| ५ | गुरुङ्ग राष्ट्रिय परिषद कोहलपुर इकाई समिति | कोहलपुर | ल्होसार पर्व वापत | रु.३५,०००।-(पैंतिस हजार) | विभिन्नचाँडपर्व तथा उत्सव कार्यक्रम क्र.स. १४४ |

(घ) कोहलपुर-०२ स्थित २ नं. वडाको वडा कार्यालय परिसरमा रहेका सुकेका २ थान काठका रुखहरु कटान गर्नका लागि डिभिजन वन कार्यालय, बाँकेमा पत्राचार गर्ने ।

(ङ) सिकलसेल एनिमिया ल्याबमा कार्यरत कर्मचारीहरुलाईखाजा तथा नास्ता खर्च वापतको रकम सम्बन्धित बजेट शिर्षकबाट खर्च लेखि उपलब्ध गराउने ।

(च) महिला स्वास्थ्य स्वयंसेविकाको यातायात र दशैं खर्च वापतको रकम स्वास्थ शाखाबाट प्रस्ताव भए वमोजिम उपलब्ध गराउने ।

(ज) कार्यपालिकामा पेश भएका सुरक्षित आप्रवाशन सम्वन्धी कार्यविधि, २०७८ र कोहलपुर नगरपालिका युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०७८ लाई पारित गर्ने ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके

प्रमख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(झ) वडा समिति वडा नम्बर १२ को निर्णयानुसार सिफारिस भई आएको सार्वजनिक जग्गा स्वावलम्बन वचत तथा ऋण सहकारी संस्था लिमिटेड कोहलपुर-१२ र कोहलपुर सामाजिक उद्यमी महिला सहकारी संस्था लि.कोहलपुरलाई जग्गा उपलब्ध गराउने।

(ञ) यस नगरपालिका क्षेत्रमा स्थायी ठेगाना कायम हुने गरी व्यक्तिगत घटना दर्ता गर्ने सन्दर्भमा सम्बन्धित व्यक्ति वा परिवार स्थायी वसोवास/घरजग्गा भएको प्रमाणसंलग्न राखी दर्ता गर्नसबै वडालाई पत्राचार/परिपत्र गर्ने।

(ट) कोहलपुर-१२ स्थित रोहणी खोलामा तटवन्धन कार्यगर्न चालु आ.व.२०७८/०७९मा विनियोजितक्र.स.३०९ तटबन्धन निर्माण कार्य-साझेदारी बजेट शिर्षकबाट रु.८००,०००।-(आठ लाख) भू-तथा जलाधार कार्यालयसँग लागत साझेदारी गर्ने ।

(ड) अपाङ्ग नवजीवन केन्द्र कोहलपुर-११,बाँकेले अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामग्री कृतिम खुट्टा तथा क्यालिफर निशुल्क जडान गर्न भारतको राजस्थान जयपुर महाबिक्लाङ्ग सहायता कक्ष सम्म आउन जानका लागि यातायात, होटेल र खानानास्ता खर्च वापतका लागि भएको सम्झौता वमोजिम भारतमा जादा आउदा भारतमा भएको खर्चको बिल भर्पाई लाई सदर गर्ने ।

(ड) चालु आ.व.२०७८/०७९ मा कार्य सम्पन्न भएका तर विनियोजित बजेट अपुग भएका कारणले भुक्तानी हुन नसकेका तपसिलका योजनाहरुको भुक्तानी समपुरक कोष शिर्षकबाट खर्च लेखी भुक्तानी दिने ।

तपसिल :-

१. अप्सरा रानाभाटको घरदेखि पश्चिम लक्ष्मी वमको घरतर्फ जानेबाटो पिसिसि कोहलपुर-११,बाँके रु.७२,४४५।- एस.आर.कन्ट्रक्सन जानकी-०६, बाँके ।

२. विभिन्न वार्डमा ग्राभेल वडा नं.१,२,३,५,६ र १५ रु.१३१,४४८।- रेग्मी निर्माण सेवा बाँसगढी-०२, वर्दिया।

(च) चालु आ.व.२०७८/०७९ मा वालविवाहमुक्त नगरपालिका तथा वडा घोषणा कार्यक्रममा विनियोजित बजेट शिर्षकबाट रु.२७,४४५।-खर्च लेखी भुक्तानी दिने ।

निर्णय नं. ११

तपसिलको फर्मलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण-पत्रउपलब्ध गराउने निर्णय गरियो ।

क) दीपक बिल्डर्स प्रा.लि.कोहलपुर -१० बाँके ।

निर्णय नं. १२

जिल्ला समन्वय समिति बाँकेको मौज्दात कोषबाट आर्थिक वर्ष २०७६/०७७ मा यस नगरपालिकालाई विनियोजित बजेट रु. ४ करोड ५० लाख मध्ये नगरपालिकाले साझेदारी गरी हिसाव मिलान हुन बाँकी रकम १ करोड ३३ हजार ५६ रुपैया यस नगरपालिकाको ठेक्का नं. BANKE/KOMUN/W/NCB - 02 /077/078 कभर्ड हल निर्माण (क्रमागत) को लागि उपलब्ध गराईदिन भनि जिल्ला समन्वय समिति बाँके लाई अनुरोध गर्ने साथै सो वापत नगरपालिकाले बाँकी रकम (४०प्रतिशत भन्दा बढि) व्यहोर्ने ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner